# एउटा मानिसलाई बनाउनु

Notes by Franklin

१ शामूएल १७:४–११ पलिश्तीहरुको छाउनीबाट गातको गोल्यत नाउँको एक जना वीर निस्केर आयो । त्यो तीन मिटरभन्दा अल्गो थियो । ५ त्यको शिरमा काँसाको टोप थियो,र साठी किलो ओजन भएको काँसाको झिलम त्यसले लगाएको थियो । त्यसका खुट्टामा काँसाका झिलम थिए, र त्यसका हतियारहरुमध्ये एउटाचाहिँ काँसाको बर्छा ढाड़मा त्यसले बोक्यो । ७ त्यसको भालाको लट्ठी कपड़ा बुन्ने जुलाहाको डन्डाजत्रो थियो, र भालाको टुप्पा, जो फलामको थियो,त्यसको वजन सातत किलो थियो । त्यसको ढाल बोक्ने त्यसको अगि अगि हिँड्थ्यो । (८) गोल्यत खड़ा भयो र इस्त्राएलको फौजलाई भन्यो,"तिमीहरु किन लड़ाइँ गर्नलाई आउँछौं ? म पलिश्ती हुँ । के तिमीहरु शऊलका सेवक होइनौं ? मसँग लड्नलाई **तिमीहरुको मानिस चुन** । (९) यदि एकलै लड़ेर त्यसले मलाई मार्न सक्यो भने हामी तिमीहरुका कमारा हुनेछौं । तर यदि मैले त्यसलाई जितेर मारें भने तिमीहरुले हाम्रा कमारा भएर हाम्रो सेवा गर्नुपर्नेछ । (१०) तब त्यस पलिश्तीले भन्यो,"आजको दिन म इस्त्राएलको फौजलाई तुच्छ गर्न्छु । **एक जना मानिस पठाओ, र हामी लड़ौं** ।"(११) जब शाऊल र इस्त्राएलीहरुले त्यस पलिश्तीले भनेको कुरा सुने **तब तिनीहरु आत्तिए, र साह्रै खिन्न भए** ।

- दुई किसिमका मानिस–अति ठूलो, अत्यन्त निपुण, क्रूर वीर र साह्रै कम उमेरको, भद्र अनुभवहीन कोही न कोही ।
- यो दानवबाट हामीले कस्ता किसिमकाकोर्न सक्छौं ?
  - दानव जो**'शरीरका अभिलाषाका'** हो, हामीहरु कहाँ आइरहेको छ सम्पूर्ण हथियारको साथमा जसले हामीलाई सजिलै हराउन सक्छ । चर्को स्वर र निडरताका साथ टिभी,चलचित्र,इन्टरनेटका माध्यमद्वारारधेरै जना त्यसको दास हुँदछन् ।
  - १ पत्रुस २:११ प्रिय हो, म तिमीहरुलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि विदेशी र प्रवासीहरुहौ भनी जानेर तिमीहरुका आत्माको विरुद्धमा लड़ाइँ गर्ने **शाररीक अभिलाषाहरुबाट अलग रहो** ।
  - त्यो **डर** हो ।जो हामी कहाँ सम्पूर्ण शक्ति, तर्कहरु र पृथ्वीका ज्ञानहरुका साथ आइरहेको छ । पात हावामा हराएझैं विश्वास हराउँदै जादँछ जसरी त्यसले हाम्रो उपभोग गर्दछ र धेरैलाई कैदी बनाउँदछ ।

१ शमूएल १७:२६–२७दाऊदले छेउछाउका मानिसहरुतिर फर्केर भने, "यस पलिश्तीलाई मार्ने र इस्त्राएलको अपमान हटाउने **मानिसलाई के गरिदिने त?जीवित परमेश्वरको सेनालाई** तुच्छ भन्ने त्यो खतना नभएको पलिश्तीचाहिँ को हो र ?"त्यसलाई मार्ने मानिसलाई के गरिनेछ भनी मानिसहरुले दाऊदलाई दोहोऱ्याएर बताए ।

- दाऊद अरु मानिसहरुभन्दा भिन्न थिए । किन ?

किन दाऊद महान् विश्वास/डर नभएका/अरुले के भन्दैछ वा गर्दैछ त्यसको वास्ता नराखी, सही कुराको लागि लड्न तैयार हुने व्यक्ति थिए ?

उत्तर :

प्रेरित १३:२२–२३ मैले यिशैको छारो **दाऊदलाई मेरो हृदयअनुसारको मान्छे** पाएँ,जसले **मेरा सबै इच्छा पूरा गर्नेछ।**

- परमेश्वरबाटको यो गवाहीले तपाईलाई नेतृत्वमा अगाडि बढ्न निगाह दिनेछ र तपाईको हरेक लड़ाईमा विजय।

दाऊद जस्तै व्यक्तिका लागि धेरै महान् आशिष् छन् :

१ शमूएल १७:२५ त्यसलाई मार्ने **मानिसलाई राजाले प्रचुर इनाम दिनुहुनेछ**, आफ्नी छोरी पनि त्यससँग विवाह गरिदिनुहुनेछ अनि त्यसको घरानालाई इस्त्राएलमा अनिवार्य करबाट मुक्त गरिदिनुहुनेछ।

- हामीहरुका राजा राजाहरुका पनि राजा हुनुहुन्छ।
- त्यो व्यक्तिलाई**धनी बनाऊ** जो **'दानव' (अभिलाषा,डर)** माथि विजय हुन्छ र उसलाई **स्वतन्त्र** हिँड्न दिनु।
  यहुन्ना ८:३६ यसकारण पुत्रले तिमीहरुलाई स्वतन्त्र गरायो भने तिमीहरु निश्चय स्वतन्त्र हुनेछौं।

१ शमूएल १७:४५ दाऊदले जवाफ दिए,"तँ त मसँग लड्न तरवार,भाला र बर्छा लिएर आएको छस्, तर **म** तँसँग लड्न तैंले विरोध गरेको इस्त्राएलका फौजहरुका परमेश्वर, **सर्वशक्तिमान् परमेश्वरको नाउँमा आएको छु।**

यर्मिया १७:७त्यो मानिस **धन्यको** हो जसले **परमप्रभुमा भरोसा राख्दछ।**

परमेश्वरको नाउँमा तपाई सम्पूर्ण लड़ाई, सम्पूर्ण शत्रुहरुको निकट जानुहोस् र तपाई विजयी र सफल हुनुहुनेछ– नेतृत्वकर्ता–सबैमा जो तपाईले गर्नुहुन्छ।

यसैगरी, प्रश्न छ :कसरी "परमेश्वरको हृदय पश्चात तपाई **मानिस** बन्नुहुन्छ ?"

उत्तर...........दाऊदले गरे जस्तै।

१. दाऊद नम्र/आज्ञाकारी/र कठिन परिश्रम गर्ने व्यक्ति थिए।

- उनी परिवारमा कान्छा थिए–जेठा दाजुहरुद्वारा नम्र बनाइएको।
- उनी परिवारको भेडाको बथान हेर्ने गाह्रो र एक्लो काम गर्न चुनिएका थिए। उनी भेडाको बथानका साथहफ्ता वा त्यो भन्दा बडी बाहिर जान्थें। उनी प्राय घण्टौं समयसम्म रुखका बोक्रालाई घुयेंत्रोले हिर्काउँदै बस्थें र त्यसमा उनी निपुण भए वा माहिर भए पनि भन्न सक्छौं। (१शामूएल १६:५,११; १७:२८)
  मत्ती.११:२९/लुका १:५२/याकुब ४:६,१०/१ पत्रुस ५:५,६/रोमी १२:३

नम्र :

१. सौम्यता र संयम व्यवहार र रबैयाले चिनिएको, घमण्डी र गर्व गर्ने होइन।

२. हर समय आदरपूर्वक वा आज्ञाकारीका साथ अधिकार प्राप्त व्यक्तिलाई र आफूभन्दा ठूलालाई

आदर देखाउने ।

२. उनको बातचीत (प्रार्थना) गर्न सबभन्दा नजिकको मित्र स्वंयम् परमेश्वर आफैं हुनुहुन्थ्यो र परमेश्वर दाऊदको अधिक घनिष्ठ र कदर गरिएको मित्र बन्नुभयो ।

- त्यहि दृढ़भावनाले दाऊदलाई अरुभन्दा छुट्टै बनायो ।
- त्यहि नै एकमात्र कुरा उनले अरुभन्दा बढी चाहेँ ।

भजनसंग्रह २७:४ **एउटै कुरा** म परमप्रभुसँग माग्दछु, मैले खोजेको यहि हो, कि जीवनभरि म परमप्रभुको भवनमा रहन पाऊँ, र उहाँको मन्दिरमा उहाँलाई खोज्न सकूँ ।

भजनसंग्रह ६३:१ तिनी यहूदाको मरुभूमिमा हुँदा दाऊदको भजन ।

हे परमेश्वर, तपाई मेरो परमेश्वर हुनुहुन्छ, म तपाईलाई **दिलोज्यानले** खोज्छु । पानी नभएको ओबानो र बाँझो जमिनमा मेरो प्राण तपाईको निम्ति तिर्खाउँछ, मेरो शरीर तपाईकै निम्ति मरिमेट्दछ ।

- **दिलोज्यान** शब्दको शाब्दिक अर्थ हिब्रुमा “प्रभात सम्म” हो । यसको अर्थ : यसले सम्पूर्ण अरु प्राथमिकताभन्दा पहिलो स्थान लिदँछ ,बिहानै अरु कामहरु भन्दा पहिला, दिलोज्यानका साथ; वा परिश्रमका खोज्नु ।

भजनसंग्रह ५:३ हे परमप्रभु, **बिहानै** तपाईले मेरो सोर सुन्नुहुन्छ । सबेरै तपाईको अगि **मेरो प्रार्थना** राख्दछु, र आशामा पर्खन्छु ।

भजनसंग्रह ८८:१३ तर हे परमप्रभु, म त तपाईमा नै पुकार गर्दछु, र **बिहानै** मेरो **प्रार्थना** तपाईको सामुन्ने आउँछ ।

भजनसंग्रह १४१:२ **मेरो प्रार्थना** तपाईको सामुन्ने सुगन्धित धूपजस्तै होस्, र मैले आफ्ना हात उचाल्दा, त्यो बेलुकीको बलिजस्तै ठहरिओस् ।

❖ दाऊदले परमेश्वरसित घनिष्ठ सम्बन्ध बनाए । उनको दृढ़भावना र चाहनाको कारणले गर्दा नै उनी सबेरै पहिले परमेश्वरसँग समय बिताउँदथे ।
❖ दाऊदजस्तै मानिस हुनलाई, परमेश्वरको निगाह पाउँनलाई, हाम्रो शत्रुहरुसँगको लड़ाइमा विजय पाउनलाई, हामी सबेरै बिहान प्रार्थना गर्ने मानिस हुँनैपर्छ ।

मर्कुस १:३५ येशुले प्रार्थना गर्नु भएको समय ।

यहुन्ना २०:१ पुनरुत्थानित परमेश्वरलाई देख्ने पहिलो व्यक्ति ।

उत्पति ३:८ यो देखिन्छ कि परमेश्वर हरेक दिन बिहानको सित्तलमा आदमसँग हिँड्नुहुन्थ्यो ।

प्रस्थान १६:१२–१४,१८,२१ मन्नाको शिक्षा ।

येशुले भन्नुभयो : म नै जिवनको रोटी हुँ ।(यहुन्ना ६:३२–३५)

प्रस्थान ३०:७–८ धुपको वासना एक प्रकारको प्रार्थना ।     प्रकाश ८:३–५

लेवी ६:१२–१३ पुजारीले आगोलाई पूर्ण ज्वालामा ल्याउँदछ ।

प्रकाश ३:९ पहिलो फल परमेश्वरको हो ।

भजनसंग्रह ५:३; ५७:८; ६३:१; ९०:१४; ११९:१४७  दाऊदलाई गुप्त कुरा थाहा थियो ।

भजनसंग्रह २७:५; ३१:१९–२०; ३२:६–७; ६१:१–४ गुप्त स्थान ।

यशैया ५०:४ उहाँले मलाई बिहानैपिच्छे जगाउनुहुन्छ । सिक्नेलाई झैं ध्यानसित सुन्न उहाँले मेरो कान खोलिदिनुहुन्छ ।

प्रस्थान ३३:१२–२३

पद : १२ अनि मोशाले परमप्रभुलाई भने,.......“तपाईले भन्नुभएको छ, ‘म **तलाई** तेरो नाउँले नै **चिन्छु** :र  तँमाथि मेरो **निगाह**(अनुग्रह) भएको छ’ ।”

- **उहाँलाई तपाईको नाउँ थाहा छ :**
  यशैया ४३:१–४ मैले तँलाई मोल तिरेर छुटाएको छु । मैले तँलाई तेरो नाउँ काढ़ेर बोलाएको छु ,तँ मेरो होस् । तँ मेरो दृष्टिमा बहुमूल्य र आदरणीय भएकाले,मैले तँलाई प्रेम गरेको छु ।
  लुका १०:२० .....तिमीहरुका नाउँ स्वर्गमा लेखिएका छन् भनेर नै रमाओ ।
  प्रकाश १३:८ संसारको सृष्टिदेखि नै जीवनको पुस्तकमा लेखिएको ।
  - तपाईको स्वर्गीय पिताले जान्नुहुन्छ र तपाईको नाउँ लेख्नुभएको छ ।
  - जसरी तपाईका संसारिक अभिभावकले तपाई जँन्मदा तपाईको नाउँ कानुनी अड्डामा लेख्नुभएको छ ।

- **निगाह** अनुबादित : अनुग्रह; आनन्द

पद :१३ यदि तपाईको**निगाह**(अनुग्रह) ममाथि भएको छ भने,**अब मलाई तपाईको मार्ग देखाउनुहोस् र म तपाईलाई चिन्न सकूँ** र तपाईको दृष्टिमा **निगाह** पाइरहन सकूँ । यो जाति तपाईकै हो भनी सम्झनुहोस् ।

- उनीहरुको सामना भएपछि : जलिरहेको पोथ्रा /फारोको अगाडि /विपत्तिहरु / लाल समुद्रलाई दुई भाग गरेको /मन्न /बट्टाई /चट्टानको पानी /सीनै पर्वतमा चट्याङ्ग र गर्जन–आगो र धुँवा, र भुकम्प /परमेश्वर बोल्नुभएको र दश आज्ञा दिनुभएको :मोशाले महशुस गरे :
  - “किनकि मेरा विचारहरु तिमीहरुका विचार होइनन्, र **तिमीहरुका चाल मेरा चाल होइनन्**” परमप्रभु भन्नुहुन्छ । जसरी आकाश पृथ्वीभन्दा अल्गो छ, त्यसरी नै **मेरा चाल तिमीहरुका चालभन्दा** र मेरा विचार तिमीहरुका विचारभन्दा **अल्गा छन्।**     यशैया ५५:८–९

- मोशाले प्रार्थनामा भनेका यो पहिलो भागलाई नियालौ :"अब मलाई **तपाईको मार्ग देखाउनुहोस् र म तपाईलाई चिन्न** सकूँ।"
- परमेश्वरलाई राम्ररी चिन्नु –अझ घनिष्ठरुपमा–**उहाँको मार्गलाई जान्नु**का साथ सुरु हुन्छ, जो चाहिँ उहाँको लेखिएको वचन र बोलिएको वचन (प्रार्थना)मा गुणस्तरीयसमय बिताएर सिक्न सिकिन्छ।
- तपाईको दृष्टिमा(अझबढी)**निगाहपाइरहन** सकूँ। (पद १३)

  **ती कुराहरु गरेर जसले तपाईलाई प्रशंन्न तुल्याउँदछ।**
  - परमेश्वरलाई प्रशंन्न तुल्याउँने मोशाको ज्वलन्त ईच्छा छ।

हामीले मोशाले प्रार्थना गरे झैं प्रार्थन गर्नु पर्दछ :

- यदि तपाईको **निगाह**(अनुग्रह) ममाथि भएको छ भने,**अब मलाई तपाईको मार्ग देखाउनुहोस् र म तपाईलाई चिन्न सकूँ** र तपाईको दृष्टिमा(अझबढी)**निगाह** पाइरहन सकूँ।

लुका २:५२ अनि येशू बुद्धिमा, कदमा र परमेश्वर र मानिसहरुको **अनुग्रहमाबढ्दै**जानुभयो।

- येशु यी तरिकाहरुबाट बढ्दै जानुभयो भने–**हामी झन् कत्ति बढ्दै जानु पर्ला।**
- स्वर्गदूतले मरियमलाई भने तिमीले परमेश्वरबाट **कृपा** पाएकी छयौ।लुका १:३० →किनकि उनको शुद्ध र धार्मिक जीवनले गर्दा←
- १ पत्रुस २:१९–२० **परमेश्वरलाई सम्झेर** कुनै मानिसले अन्यायपूर्ण कष्ट **सहन्छ**(येशुलेजस्तै)भने त्यो परमेश्वरमा **प्रशंसनीय** छ। (२०)किनभने तिमीहरुले खराब काम गरेर कुटाइ खाँदा धैर्यसँग सह्यौं भने यसमा ठूलो कुरो के छ र ?तर तिमीहरुले असल गरेर पनि दुःख भोग्नुपर्दा धैर्यसँग सहन्छौ (येशुले जस्तै)भने यो **परमेश्वरमा ग्रहण योग्य छ**।

  - हामीले परमेश्वरबाट निगाह वा अनुग्रह पाउँछौं जब हामीले हाम्रो जीवन येशुले जस्तै जीउँदछौं–"कुटाइ खाँदा र त्यसलाई सहँदा"।

  - अयूब एउटा असल उदाहरण हो। (अयूब १:१–१२)

    अयूब १३:१५ उहाँले मलाई मार्नुभए तापनि म उहाँमाथि आफ्नो आशा राख्नेछु।

  - हिब्रुको ११ मा भएका सम्पूर्ण विश्वासका नायकहरु उदाहरण हुन् :

    पद :३९ तिनीहरु सबैले आफ्ना विश्वासको निम्ति ठूलो **प्रशंसा पाए**।यद्यपि तिरस्कृत भए र कठिन दुःख भोगे।

  - विश्वासद्वारा मृत्यु नचाखी हनोक स्वर्गमा उठाइलगिए, र तिनी कतै फेला परेनन्, किनकि परमेश्वरले तिनलाई लानुभएकोथियो। तिनी उठाइलगिनुभन्दा अघि **परमेश्वरलाई तिनले प्रसन्न पारेका** कुराको पुष्टि भएको थियो। हिब्रु ११:५

- १ पत्रुस २:२१–२५ किनकि **यसैको निम्तितिमीहरु** बोलाइएका हौ। **ख्रीष्टले पनि तिमीहरुका निम्ति कष्ट भोग्नुभयो**, अनि तिमीहरुका लागि एउटा

**उदाहरण**छोडिजानुभयो, र **तिमीहरु उहाँकै पाइलामा हिँड्नुपर्छ** । (२२) "उहाँले **कुनै पाप गर्नुभएन**, र उहाँको मुखमा कुनै **छल**को कुरा पाइएन ।"(२३) तिनीहरुले उहाँलाई **अपमान गर्दा** उहाँले **साटो फेर्नुभएन** । दुःख भोग्नुहुँदा उहाँले **धम्की दिनुभएन** । तर उचित न्याय गर्नुहुनेमाथि उहाँले भरोसा राख्नुभयो । (२४)हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔं भनी **उहाँले** क्रुसमा आफ्नै शरिरमा **हाम्रा पाप बोक्नुभयो** । उहाँकै चोटहरुद्वारा तिमीहरु निको भयौ । (२५) किनभने तिमीहरु भेडाझैं बरालिरहेका थियौ, तर अब तिमीहरुका आत्माको गोठालो र संरक्षककहाँ फर्किआएका छौ ।

- पावलमा भएको काँडा वा कठिनाइको बारे परमेश्वरले उत्तर दिनुभएको : मेरो **अनुग्रह** तेरो निम्ति पर्याप्त छ, किनभने मेरो **शक्ति** दुर्बलतामा नै सिद्ध हुन्छ । यसकारण ख्रीष्टको शक्ति ममा वास् गरोस् भनेर म बरु मेरो दुर्बलतामा बढ़ी खुसीसाथ गर्व गर्नेछु ।   २ कोरिन्थी १२:९

    - परमेश्वरको अनुग्रह वा निगाह उहाँको **शक्ति**द्वारा हामीमा आउँदछ–ख्रीष्टको अद्धितिय जीवन जिउँनको निम्ति ।

- दिने जीवन जिउनको प्रतिक्रियामा परमेश्वरले भन्नुभयो : किनभने खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ ।परमेश्वरले तिमीहरुलाई **हरेक आशिष्** प्रशस्त मात्रामा दिन सक्नुहुन्छ, ताकि तिमीहरु सित सधैं नै **हरेक कुरा प्रशस्त** होस्, र **हरेक असल काम**को निम्ति तिमीहरुले प्रशस्त मात्रामा दिन सक । २ कोरन्थी ९:७–८

    - परमेश्वर खुशीसाथ दिनेलाई एकदम प्रेम गर्नुहुन्छ कि उहाँले तपाईलाई उहाँको **निगाह** र **अनुग्रह** दिनुहुन्छ, ताकि तपाईलाई चाहिने हरेक कुरा प्रशस्त होस् र हरेक असल कामको लागि दिन सकौं । उहाँले तपाईलाई उहाँको काम गर्नको निम्ति सशक्त तुल्याउँनु हुनेछ ।

❖ तसर्थ, हामी यो देख्नसक्छौं कि, हामी परमेश्वरको निगाहको साथ पनि हुँर्कदै जान सक्छौं"उहाँका मार्गहरु जानेर" र त्यसलाई काममा गरेर–आज्ञाकारिताका साथ ।

- उत्पत्ति ६:८ तर नोआमाथि चाहिँ परमप्रभुको **अनुग्रह** भयो ।
- प्रेरित ७:४६ दाऊदले परमेश्वरको **निगाह** पाए ।

    - भजनसंग्रह २७:११ हे परमप्रभु, **तपाईको मार्ग मलाई सिकाउनुहोस् ।**
    - प्रार्थनाद्वारा उहाँका वचनबाट दाऊदलाई **उहाँका मार्गहरु थाहा** थियो ।

- गलाती १:१० के म मानिसहरुको **निगाह** खोज्दैछु, कि परमेश्वरको ? अथवा के मैले मानिसहरुलाई **खुशी पार्न खोज्दैछु** ? यदि मैले अझै मानिसहरुलाई खुशी पार्न कोसिस गरेको भए म ख्रीष्टको दास हुनेथिइनँ ।

- यो अत्यन्तै गम्भीर प्रश्न हो जसको उत्तर हामी इमान्दारीका साथ दिनेछौं । म कसलाई खुशी पार्न खोज्दैछु ?

- o १ थेसलोनिकी ४:१ अन्त्यमा भाइहरु, प्रभु येशुमा हामी **तिमीहरुलाईआग्रहपूर्वक बिन्ती** गर्छौं र अर्ती दिन्छौं, कि **तिमीहरुलेकसरी जिउनु र परमेश्वरलाई प्रसन्न तुल्याउनुपर्छ** भन्ने तिमीहरुले हामीबाट सिक्यौ र त्यसो गर्दै पनि छौ, त्यसैमा **तिमीहरु झन् बढ्दैजाओ** ।
    - जसरी तपाई परमेश्वरको वचनमा र प्रार्थनामा समय बिताउँदै जानुहुन्छ, **तपाईले उहाँका मार्गहरु सिक्नुहुन्छ ।**
    - तपाई जति धेरै उहाँको मार्गमा हिँड्नु हुन्छ, त्यति नै उहाँलाई खुशी पार्नु हुन्छ, र **उहाँलेतपाईलाई अझ धेरै उहाँकोअनुग्रह र निगाह दिनुहुन्छ** ।

मोशाको उहाँको मार्गहरु जान्ने ताकि उहाँलाई चिन्न सकूँभन्ने बिन्तीको प्रतिक्रियामा परमेश्वरको तुरुन्त प्रतिउत्तर यस्तो थियो :

प्रस्थान ३३:१४ **मेरो उपस्थिति** तँसँग जानेछ, र म तँलाई विश्राम दिनेछु ।

- o मोशासँग “परमेश्वरको वचन” थियो र उनी प्रार्थनाका मानिस थिए ।

- o र  मोशासँग **अब** परमेश्वर आफै उनको साथ हिड्नुभयो, उनीसँग बोल्नुभयो र परमेश्वरको वचन अनुसार हरेक परिस्थितिमा कसरी जिउँने सिकाउँनुभयो र त्यो नै उहाँको मार्गहरु जान्नु थियो ।

र यो **तपाईलाई**परमेश्वरको प्रतिज्ञा पनि हो :

**मेरो उपस्थिति** तँसँग जानेछ, र म तँलाई विश्राम दिनेछु ।

तपाईलाई हरेक परिस्थितिमा उहाँको वचन अनुसार कसरी जिउँने भनेर सिकाउँन ताकि उहाँका मार्गहरु जान्न ।

- o मत्ती २८:२० म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छु ।

- o यहुन्ना १४:१६ म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरुलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरुसँग सदासर्वदा रहनुहुनेछ ।

- o हिब्रु १३:५ उहाँले भन्नुभएको छ, “म तिमीहरुलाई कुनै रीतिले छोड्नेछैन, म तिमीहरुलाई त्याग्नेछैनँ ।”

प्रस्थान ३३:१५ **तब मोशाले उहाँलाई भने,"यदि तपाईको उपस्थिति हामीसित गएन भने हामीलाई यहाँबाट उता नलानुहोस् ।**

- हामीलाई**यस्तै** चाहिन्छ । उहाँको **हामीसँगको उपस्थिति**बारे **होसियार** हुनु र उहाँको हामीसँगको उपस्थितिमा **भर** पर्ने ।

    - हितोपदेश ३:५–६ आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख् र तेरो आफ्नै समझशक्तिमा भर नपर् । **आफ्ना सारा मार्गमा उहाँलाई सम्झी** (उहाँको उपस्थिति)र उहाँले तेरा मार्गहरु सोझा तुल्याइदिनुहुनेछ ।

प्रस्थान ३३:१६ तपाई हामीसितै नगएसम्म म र तपाईका यी मानिसहरुले तपाईको **निगाह** पाएका छौं भनेर हामीले कसरी जान्ने ? अरु के कुराले म र तपाईका मानिसहरु पृथ्वीका सारा मानिसहरुदेखि **भिन्नै** हुन्छौं ?"

उहाँको उपस्थिसतले, हामीलाई अरु सबै मानिसहरुबाट भिन्न तुल्याउँदछ ।

हामी आफैले आफैलाई सोध्नुपर्छ :

- के म अरु मानिसहरु भन्दा भिन्न छु ?
- के अरुले देख्दछन् र जान्दछन् कि उहाँको उपस्थिसतले मलाई भिन्न बनाउँछ ?
- येशुले भन्नु भएको झैं भन्न हामी सक्ष्यम् हुनुपर्दछ :

तपाईको नाउँ मैले प्रकट गरेको छु........यहुन्ना १७:६

- यदि यो नै तपाईको हृदयको इच्छा हो भने जसरी मोशाको थियो, परमेश्वर भन्नुहुन्छ :

प्रस्थान ३३:१७तैंले भनेकै कुरा म गर्नेछु, किनकि **तैंले** मेरो दृष्टिमा **निगाह** पाएको छस्, र मैंले तलाई नाँउले नै चिनेको छु ।

- उनले **आफूसँग परमेश्वरको निगाह भएको** अनुभूति गरे..........मोशाले निर्भीकताले सोधे :

प्रस्थान ३३:१८ तिनले भने,"अब मलाई तपाईको महिमा देखाउनुहोस् ।"

- परमेश्वरलाई 'जान्ने' उनको भोक र निर्भीक ईच्छाले उहाँलाई अत्यन्त खुशी तुल्यायो, र परमेश्वरले उनलाई प्रतिउत्तर दिनुभयो :

प्रस्थान ३३:१९–२० म तेरै सामुन्ने मेरो सारा श्रेष्ठता देखाउनेछु ,र तेरै सामुन्ने परमप्रभु नाउँको घोषणा गर्नेछु । जसलाई म अनुग्रह गर्न चाहन्छु त्यसलाई म अनुग्रह गर्नेछु । जसलाई म कृपा देखाउन चाहन्छु ,त्यसलाई म कृपा देखाउनेछु । अनि उहाँले भन्नुभयो,"तर तैंले मेरो अनुहार हेर्न सक्दैनस् ,किनकि मेरो अनुहार हरेर मानिस जीवितै रहन सक्दैन ।"

प्रस्थान ३३:२१–२३ तब परमप्रभुले भन्नुभयो,"**मेरो छेउमा एउटा ठाउँ छ,** जहाँ तँ एउटा **चट्टानमाखड़ा** हो । (२२) मेरो महिमा त्यहाँबाट भएर जाँदा तँलाई म त्यस **चट्टानको धाँदोमा राख्नेछु** ,र म त्यहाँबाट भएर नआउञ्जेल तँलाई मेरै हातले छोपिराख्नेछु । (२३) त्यसपछि म मेरो हात उठाउनेछु ,र तैंले मेरो पछिको भाग देख्नेछस् ,तर मेरो अनुहारचाहिँ देखिनेछैन ।"

- चट्टानमा खड़ा–"मेरो मुक्तिको चट्टान ।" २ शमूएल २२:४७ ; भजनसंग्रह ८९:२६
- मेरो छेउमा एउटा ठाउँ छ ।   एउटा विशेष ठाउँ ।

  - दाऊदले पनि गोप्य ठाउँ बारे भनेका छन्

भजनसंग्रह २७:५ किनकि सङ्कष्टको दिनमा उहाँले मलाई उहाँको वासस्थानमा सुरक्षित राख्नुहुनेछ, आफ्नो पवित्र वासस्थानमा उहाँले मलाई लुकाइदिनुहुनेछ, अनि एउटा चट्टानमाथि उच्च राख्नुहुनेछ ।

भजनसंग्रह २७:४ **एउटै** कुरा म परमप्रभुसँग **माग्दछु,** मैले खोजेको यही हो, कि जीवनभरि म परमप्रभुको भवनमा रहन पाऊँ, र उहाँको मन्दिरमा उहाँलाई खोज्न सकूँ ।

भजनसंग्रह २७:७–९ हे परमप्रभु, जब म उच्च स्वरले कराउँछु, तब सुन्नुहोस्, ममाथि कृपालु हुनुहोस्, र मलाई जवाफ दिनुहोस् । मेरो हृदयले तपाईको विषयमा भन्दछ, **"उहाँको मुहारको खोजी गर् ।"हे परमप्रभु, तपाईको मुहारको खोजी म गर्नेछु ।**तपाईको मुहार मबाट नलुकाउनुहोस् ।

भजनसंग्रह ३१:२० तपाईका उपस्थितिको सुरक्षित ठाउँमा तिनीहरुलाई मानिसका षड्यन्त्रबाट तपाईले लुकाउनुहुन्छ । तपाईले तिनीहरुलाई दोष लगाउने जिब्राहरुबाट आफ्नो वासस्थानमा सुरक्षित राख्नुहुन्छ ।

श्रेष्ठगीत २:१४ पहरामा **गोप्य** प्वालहरु हुँदो, **भिरालो चट्टानमा** बस्ने मेरी ढुकुर, मलाई तिम्रो अनुहार देखाऊ, तिम्रो सोर सुन्न पाऊँ, किनभने तिम्रो सोर मीठो छ र तिम्रो मुहार सुन्दर छ ।

- ❖ गोप्य ठाउँ चाहिँ परमेश्वरसँग घनिष्ठ हुने र कुराकानी गर्ने विशेष ठाउँ हो । यो ठाउँ तिनीहरुको लागि मात्र हो जो परमेश्वरको महिमाको निम्ति अत्यन्तचाहको घमण्ड राख्दछन् ।

- ❖ मोशाको हृदयमा भएको ज्वलन्त ईच्छा, उहाँको महिमा गर्नु, र त्यहि उहाँलाई महिमा गर्ने ईच्छा हामीमा भएको येशु चाहनुहुन्छ ।

  यहुन्ना १७:२४ *पिता, म इच्छा गर्दछु, कि तपाईले मलाई दिनुभएकाहरु म जहाँ छु मसँग रहून्, र* ***मेरो महिमा देखून्,*** *जुन महिमा, संसारको सृष्टि हुन अघि देखि नै मलाई प्रेम गर्नुभएको हुनाले तपाईले मलाई दिनुभएको थियो ।*

- ❖ यस्तो इच्छाले हामी भरिऊन्जेल –>हामी उहँको महिमा गर्नेछौँ :
  २ कोरन्थी ३:१८ हामी सबै घुम्टो हटाइएको मुहारले प्रभुको महिमा प्रतिबिम्बित गर्दछौँ, अनि एउटा **महिमा** देखि अर्को **महिमा**तिर उक्लँदै **उहाँ**को **रुपमा बदलिँदै**जान्छौँ । परमप्रभुबाट यो आउँछ, जो आत्मा हुनुहुन्छ ।

- ऐना–सृष्टिले उहाँलाई प्रतिबिम्बित गर्छ जसरी उहाँका मानिस र उहाँका वचनले गर्दछ ।

❖ जसरी हामी मन लगाएर परमेश्वरमा यो प्रकारको अत्यन्तचाह राख्छौं– यसले परिनत गर्छ र हामीलाई उहाँको जस्तै प्रतिबिम्बिमा परिर्वतन गर्छ........महिमा देखि महिमा :

- उहाँको पुत्रलाई जस्तै उही उद्देश्य साथ :
  हे पिता, समय आइपुगेको छ, तपाईका पुत्रको महिमा प्रकट गर्नुहोस्, र **पुत्रले तपाईको महिमा प्रकट गरोस्** ।यहून्ना १७:१

- यो नै पृथ्वीमा हामीहरुको उद्देश्य हो । जसरी तपाईले मलाई संसारमा पठाउनुभयो, मैले पनि तिनीहरुलाई संसारमा पठाएको छु । यूहन्ना १७:१८

- हाम्रो पनि उही लक्ष्य छ जो येशुको थियो :

**“पुत्रले तपाईको महिमा प्रकट गरोस् ।”**

- र यो नै हामी येशुसाथ भन्न सक्छौं :
  जुन काम तपाईले मलाई दिनुभयो, त्यो काम पूरा गरी **तपाईलाई पृथ्वीमा मैले महिमित तुल्याएको छु** ।यूहन्ना १७–१८
  र :
  **तपाईको नाउँमा प्रकट गरिदिएको छु** ।यूहन्ना १७:६

येशुले उहाँको पिताको नाउँ परिचित गराए :

यूहन्ना १७:६ “संसारबाट जुन मानिसहरु तपाईले मलाइ दिनुभयो, तिनीहरुलाई **तपाईको नाउँ मैले प्रकट गरिदिएको छु** ।तिनीहरु तपाईका थिए, अनि तपाईले तिनीहरु मलाई दिनुभयो, र तिनीहरुले तपाईको वचन पालन गरेका छन् ।”

यूहन्ना १७:२६ **मैंले तपाईको नाउँ यिनीहरुमा प्रकट गरें,** अनि तपाईको नाउँ यिनीहरुमा प्रकट गराइरहनेछु, ताकि जुन प्रेमले मलाई तपाईले प्रेम गर्नुभयो, त्यो तिनीहरुमा रहोस्, र म तिनीहरुमा रहूँ ।

प्रश्न यो हो : उहाँलाई हेर्ने र उहाँको महिमाको घोषणा गर्ने, यस्तो प्रकारको अत्यन्तचाह के तपाईमा छ ?

यसको लागि : भजनसंग्रह ६३:१ हे परमेश्वर, तपाई मेरा परमेश्वर हुनुहुन्छ, म तपाईलाई दिलोज्यानले खोज्छु । पानी नभएको ओबानो र बाँझो जमिनमा मेरो प्राण तपाईको निम्ति तिर्खाउँछ, मेरो शरीर तपाईकै निम्ति मरिमेट्दछ ।

श्रेष्ठगीत७:१२हामी बिहानै..........

III.प्रेम सम्बन्धमा बातचीत(प्रार्थना) मात्र समाहित हुँदैन तर हृदयमा र ओठमा भजन पनि हुँदछ–

आरधना ।

भजनसंग्रह ५९:१६ तर **मचाहिँ** तपाईका शक्तिको **स्तुति गाउनेछु,बिहानै** तपाईका प्रेमको **प्रशंसा गाउनेछु,** किनकि तपाई मेरो किल्ला र मेरो दु:खको दिनमा शरणस्थान हुनुहुन्छ ।

भजनसंग्रह ९०:१४ **बिहान आफ्नो नटल्ने करुणाले हामीलाई तृप्त पार्नुहोस्,** र **हामी आफ्ना जीवनभरि रमाएर गाउन सकौं ।**

भजनसंग्रह ९२:२ **बिहान** तपाईका करुणाको, र राती तपाईको विश्वसनीयताको **घोषणा** गर्नु,

भजनसंग्रह १४३:८ किनकि तपाईमा नै मैले भरोसा राखेको छु । कुन मार्गमा मैले हिँड्नुपर्ने हो त्यो मलाई सिकाउनुहोस्, किनकि मेरो आत्मा म तपाईतिर उचाल्दछु ।

IV. दाऊदले परमेश्वरका सबै वचनको कदर गरे, लेखिएको वा बोलिएको, र त्यसअनुसार नै जिए । (मत्ती७:२४–२७)

भजनसंग्रह ११९:१–३**धन्यका** हुन् तिनीहरु, जसको आचरण **निर्दोष** छ, जो **परमप्रभुको व्यवस्थामा चल्दछन् ।धन्यका** हुन् तिनीहरु, जसले उहाँका कानून पालन गर्दछन्, र **उहाँलाई सम्पूर्ण हृदयले खोज्दछन् ।** तिनीहरुले कुनै अधर्म गर्दैनन्, उहाँका मार्गमा तिनीहरु हिँड्दछन् ।

पद : ५ तपाईका विधिहरु पलन गर्नलाई, मेरो आचरण दृढ भइदिए कति असल हुनेथियो ।

पद : ८ म तपाईका विधिहरु पलन गर्नेछु ।          दाऊदको प्रतिबद्धता ।

पद :९–११ **जवान मानिसले आफ्नो चालचलन कसरी चोखो राख्न सक्छ ?तपाईका वचनअनुसार**को जीवन बिताएर नै हो । म आफ्नो **सम्पूर्ण हृदयले** तपाईलाई खोज्छु, तपाईका आज्ञाहरुबाट मलाई बहकेर जान नदिनुहोस् । **तपाईको विरुद्धमा पाप नगरुँ भनेर, तपाईको वचन मैले मेरो हृदयमा सुरक्षित राखेको छु ।**

पद : १३–१६ दाऊदको प्रतिबद्धता : मैले मेरो ओठले तपाईको मुखबाट निस्केका सबै नियमहरुको **वर्णन गरेको छु ।** धेरै धन सम्पत्तिमा आनन्दित हुने मानिस जस्तै, म तपाईका कानूनहरु पलन गर्नमा **हर्षित** हुन्छु । तपाईका आदेशहरुमाथि **म मनन गर्छु,** र तपाईका शिक्षमा म ध्यान दिनेछु ।म तपाईकाविधिहरुमा **आनन्द गर्नेछु, तपाईका वचनको म उपेक्षा गर्नेछैनँ ।**

पद : १८मेरा आँखा खोलिदिनुहोस्, र म तपाईको व्यवस्थाका उदेकका कुराहरु देख्न सकूँ ।

पद : २० तपाईका नियमहरु जान्नलाई मेरो प्राण सधैं तिर्खाएको हुन्छ ।

पद २४ : तपाईका कानूनहरु मेरो **आनन्द** हुन्, ती मेरा सल्लाहकार हुन् ।

पद :२६–२७ मलाई तपाईका विधिहरु **सिकाउनुहास् ।** तपाईका आदेशहरुका शिक्षा **म बुझ्न सकूँ ।** तब तपाईका उदेकका कामहरुमाथि म **मनन गर्नेछु ।**

पद : ३१ तपाईका कानूनहरुमा **म स्थिर रहन्छु ,**

पद : ३२ म तपाईका आज्ञाहरुको मार्गमा **दौड़न्छु,** किनकि तपाईले मेरो हृदयलाई स्वतन्त्र पारिदिनुभएको छ ।

पद ३३–३६ हे परमप्रभु, तपाईका विधिहरु पालन गर्न मलाई **सिकाउनुहोस्,** र अन्त्यसम्म म **ती पालन गर्नेछु ।मलाई समझशक्ति दिनुहोस्,** र म तपाईको व्यवस्थाअनुसार चल्नेछु, अनि **सम्पूर्ण हृदयले त्यो पालन गर्नेछु ।** तपाईका आज्ञाहरुको मार्गमा मलाई चलाउनुहोस्, किनकि त्यसैमा म हर्षित हुन्छु । मेरो हृदयलाई तपाईको कानूनतिर फर्काउनुहोस् ।

पद : ४४ म तपाईको व्यवस्था सदासर्वदा पालन गर्नेछु ।

पद : ४५ म स्वतन्त्र भएर हिँड्नेछु, किनकि मैले तपाईका आदेशहरु खोजी निकालेको छु ।

पद : ४७ म तपाईका आज्ञाहरुमा आनन्दमग्न हुन्छु, किनकि म तिनलाई प्रेम गर्दछु ।

पद : ४८ मैले प्रेम गरेको तपाईका आज्ञातिर मेरा हातहरु पसार्छु, र तपाईका विधिहरुमाथि मनन गर्दछु ।

पद : ५१ अहङ्कारीहरुले मेरा विनाअवरोध ठट्टा गरेका छन्, तर तपाईको व्यवस्थाबाट म हटेको छैनँ ।

पद : ५४ म जहाँ बसोबास गरे पनि, तपाईका विधिहरु मेरो भजनको विषयवस्तु भएका छन् ।

पद : ५७तपाई मेरो भाग हुनुहुनछ, हे परमप्रभु, तपाईका वचनहरु पालन गर्ने,मैले प्रतिज्ञा गरेको छु ।

पद : ५९ मैले आफ्नो आचरणको विषयमा विचार गरेको छु, र तपाईका कानूनतर्फ आफ्ना कदम चालेको छु ।

पद : ६२ तपाईका धार्मिक नियमहरुका खातिर मध्यरातमा तपाईमा धन्यवाद चढ़ाउन उठछु ।

पद : ६३ तपाईको भय मान्नेहरु र तपाईका आदेश पालन गर्नेहरु सबैका म एक साथी हुँ ।

पद : ६७ म कष्टित हुनुभन्दा अघि म बरालिएको थिएँ,तर अब त म तपाईको वचन पालन गर्दछु ।

पद : ७१–७२ ममाथि क्लेशहरु आइपरेका असलै भयो, ताकि म तपाईका विधिहरु सिक्न सकूँ । तपाईको मुखबाट निस्केको व्यवस्था मेरो निम्ति सुन र चादीँका हजारौं टुक्राभन्दा मूल्यवान् छ ।

पद : ७४ म तपाईका वचनमा भर पर्दछु ।

पद : ८२ तपाईका प्रतिज्ञाको प्रतीक्षा गर्दागर्दै मेरा आँखा धमिला भइसकेका छन् ।

पद : ८९ हे परमप्रभु, तपाईको वचन सनातन र अनन्त छ, आकाशमा त्यो स्थिर रहन्छ ।

पद : ९२ तपाईको व्यवस्था मेरो निम्ति आनन्द नहुँदो हो त, म आफ्नो कष्टमा नष्ट भइसक्नेथिएँ ।

पद : ९३ तपाईका आदेशहरु म कहिल्यै बिर्सनेछैनँ । किनकि तपाईले तीद्वारा नै मेरो प्राणलाई सुरक्षित राख्नुभएको छ ।

पद : ९७ आहा ! तपाईको व्यवस्थालाई म कति प्रेम गर्दछु ! दिनभरि म तिनैमाथि मनन गर्दछु ।

पद : ९८–१०४ तपाईका आज्ञाहरु सदाकाल मसँग छन्, र तिनले मेरो शत्रुहरुभन्दा मलाई बुद्धिमान् तुल्याउँछन् । मेरो सबै शिक्षकहरुभन्दा मेरो अन्तर्ज्ञान ज्यादा छ, किनकि म तपाईको कानूनहरुमाथि मनन गर्दछु । धर्म–गुरुहरुको भन्दा मेरो समझ अझ बढी छ, किनभने म तपाईका आदेशहरु पलन गर्दछु । तपाईको वचन पालन गरुँ भनेर, मैले आफ्ना गोडालाई हरेक खराब मार्गबाट अलग्ग राखेको छु । तपाईका नियमहरुबाट म तर्केको छैनँ, किनकि तपाईले नै मलाई सिकाउनुभएको छ । तपाईका वचनहरु मेरो जिब्रोमा अति स्वादिष्ठ छन्, महभन्दा पनि मेरो मुखमा ती बढ़ी मीठा छन् । तपाईको आदेशहरुद्वारा म समझशक्ति प्राप्त गर्छु, यसकारण हरेक झुटा मार्गलाई म घृणा गर्दछु ।

रोमी १० : १७जे **सुनिएको** छ, त्यसैबाट **विश्वास** आउँछ र जे सुनिन्छ त्यो ख्रीष्टको **प्रचारबाट** आउँछ ।

V परमेश्वरप्रति दाऊदको प्रेम जो उनको सबै ईच्छाहरुभन्दा माथि थियो (भजनसंग्रह २७:४) र जसले राजा भई राज गर्ने(१ समूएल १६:१२–१३) उनको त्यो गन्तव्यलाई पुरा गर्न र हासिल गर्न मद्दत गऱ्यो । हामीहरु पनि “पृथ्वीमा राज गर्नेछौं ।”(प्रकाश ५:१०)

VI दाऊदको परमेश्वरसँगको घनिष्ठताले महान् विश्वास पैदा गऱ्यो जो हामी उनको अदभूत साहस र परमेश्वरका शत्रुहरु प्रतिधार्मिक कोधबाट देख्न सक्छौं ।दाऊद एक योद्धा थिए । किन ?

भजनसंग्रह ९७:१० परमप्रभुलाई प्रेम गर्ने सबैले खराबीलाई घृणा गरुन् । किनकि उहाँले आफ्ना भक्तजनहरुको प्राण रक्षा गर्नुहुन्छ, र दुष्टहरुका हातबाट तिनीहरुलाई छुटाउनुहुन्छ ।

१ शमूएल १७:२६ जीवित परमेश्वरको सेनालाई तुच्छ भन्ने त्यो खतना नभएको पलिश्तीचाहिँ को हो र ?

१ शमूएल १७:३२ दाऊदले शाऊललाई भने, “त्यस पलिशतीको कारण कोही पनि हताश नहोऊन् । म गएर त्यस पलिश्तीसँग लड्नेछु ।”

१ शमूएल १७:३७ सिंह र भालूदेखि बचाउनुहुने परमप्रभुले यस पलिश्तीको हातदेखि पनि मलाई बचाउनुहुनेछ ।” शाऊलले भने, “त्यसो भए जाऊ र परमप्रभु तिमीसँग होऊन् ।”

दाऊदले धेरै निजी र व्यक्तिगत लडाइँहरु लडे र जिते जसले उनमा मजबुत चरित्र र इमान्दारीताको विकास गऱ्यो ।

- इमान्दारीता–

यी युद्धहरु जित्नाले नै उनलाई सार्वजनिक युद्धहरु जित्नतयार बनायो ।

१ शमूएल १७:४५–४६ दाऊदले जवाफ दिए, "तँ त मसँग लड्न तरवार, भाला र बर्छा लिएर आएको छस्, तर म तँसँग लड्न तैँले विरोध गरेको इस्राएलका फौजहरुका परमेश्वर, सर्वशक्तिमान् परमप्रभुको नाउँमा आएको छु ।" (४६) आजको दिन परमप्रभुले तँलाई मेरो हातमा सुम्पिदिनुहुनेछ, र म तँलाई मारेर..........

सार्वजनिक युद्धहरुले पछिल्ला लुकेका कमजोरी वा शक्तिलाई उजागर गर्छ ।

- उदाहरण : योसेफ (उत्पत्ति ३७)–उनको पिताबाटको निगाह र दुईवटा सपना साथसाथै उनको अपरिपक्वता र सायद गर्व, परिणाम स्वरुप उनको दाजुहरुले उनको डाह गरे र उनलाई मार्ने योजना बनाए ।

राजा शाऊलको विजयले मानिसको निगाह खोज्ने र आफैलाई महिमित तुल्याउने उनको कमजोरीलाई उजागर गऱ्यो, जसको कारण उनले परमेश्वरको अवज्ञा गरे । (१ शमूएल १५)

हामीले गर्वको विरुद्धमा आफ्ना व्यक्तिगत लडाइँहरु जित्नै पर्छ (याकुब ४:६), "गर्जने सिंह" (शैतान, १पत्रुस ५:९), र

- योसेफ (उत्पत्ति ३९:६–२५)

दाऊद र योसेफलाई नियतिले उनीहरुको सिंहासनको जिम्मेदारी तैयारी गराउनका लागि वर्षौं परिक्षणको तैयारी आवश्यक पऱ्यो ।

हामी सबैले यस्ता वर्षौंको परिक्षण भोग्दछौं, हामी तयार हुनलाई ताकि हाम्रो पनि नियति अधिकार र राज्य गर्ने हो ।

प्रकाश ५:१०र तिमीहरुलाई राज्य र हाम्रा परमेश्वरका पूजाहारी बनाउनुभएको छ, र तिमीहरुले पृथ्वीमा राज्य गर्नेछन् ।

धेरै परिक्षामा तपाई सफल हुनुहुन्छ–जसरी इमान्दारीतामा बढ्दै जानुहुन्छ–त्यत्ति नै परमेश्वरले तपाईलाई महान् जिम्मेदारीका लागि विश्वास गर्नुहुन्छ ।

याकूब १:२–४; १२–१५//२ तिमोथी २:२०–२२//२ पत्रुस १:१–११/रोमी ५:३–४

यदि तपाईमा परमेश्वरको निम्ति बलियो प्रेम छैन भने–जसले तपाईलाई परमेश्वरको वचन प्रति प्रेम गर्न प्रोत्साहान गर्छ–तपाई खड़ा हुनुहुने छैन–तपाई परिक्षामा सफल हुनुहुने छैन–परिक्षाका दिनहरुमा । (लुका ४:४,८,१२)

दाऊदको जीवन सिकले भरिएको थियो जो हामी सबैले भोग्ने छौं जसै हामी त्यो बाटोमा हिँड्नेछौँ र जसले हामीलाई हाम्रो नियतिको लागि तैयार गराउँदछ ।

II. अस्वीकारको सिकबाटको सिकाई ।

१. उनका दाजुहरुबाटको अस्वीकार (१ समूएल १७:२२–३०)

- पद.२६ किन यो प्रश्न“ के गरिदिने त....”र पद.३० ?

- पद.२८ एलीआबको प्रतिक्रियाको अभिप्रेरणा के थियो ?

(लाज/ डर/ डाह/ रिस)

- के तपाईले यस्तै प्रकारको विगतमा वा वर्तमानमा घटेको कुरा सम्झनुहुन्छ ?

- तपाई कुन दाजु वा भाई हुनुहुन्छ, जेठो वा कान्छो ?

- पद.२९ दाऊदको प्रतिरक्षा । के उनी निर्दोष थिए ?

- पद.३० अस्वीकारको नतिजा –>टुक्रिएको सम्बन्ध ।

याकूब ३:१६ किनकि जहाँ डाह र स्वार्थपूर्ण अभिलाषा हुन्छ, त्यहाँ भाँड़भैलो र हरेक किसिमको भ्रष्ट काम हुन्छ ।

2 गोल्यतलाई मारेपछि, राजा शाऊलले दाऊदलाई दरबारमा लगे र उनलाई इस्त्राएलका सेनाहरुका उच्च पदमा राखे । जसै दाऊदको लोकप्रियता बढ्दै गयो, शाऊलले उनको डाह गरे, र एक दशक भन्दा बढी दाऊदले शाऊलको इन्कारको भाला छल्नु पर्‍यो (१ शमूएल १८+)।

- पद.८ “अत्ति क्राधित”शब्दले जनाउँछ : रिस र डाहका साथ जल्नु
- पद.९ “डाहका साथ हेर्नु”
- पद.१० “परमेश्वर तर्फको हानिकारक आत्मा”? शाऊल परमेश्वरका थिए तर उनको डाहको पापले गर्दा शैतानले उनमा अधिकार पायो, र परमेश्वरले पनि त्यसो हुन दिनु भयो ।

याकूब ३:१६ किनकि जहाँ डाह र स्वार्थपूर्ण अभिलाषा हुन्छ, त्यहाँ भाँड़भैलो र हरेक किसिमको भ्रष्ट काम हुन्छ ।

- डाह हुनको मुख्य कारण के हो ?
    - स्वार्थमय महत्वकांक्षा/आत्म सम्मानको कमी/अपरिपक्वता/आफ्नो स्थान गुम्ने डर (१ शमूएल १८:१२) ।

- डाह कहाँ बाँच्दछ ?
    - काम/तिनीहरुकोमा जो अत्यन्तै धनी बन्ने चाह राख्दछन्/सेवकाई

मर्कूस १५:१० किनकि ईष्र्याले गर्दा नै मुख्य पूजाहारीहरुले येशूलाई उनीकहाँ सुम्पेका हुन् भनी उनलाई थाहा थियो ।

- १८:११ डाहले आफू जस्तै वा अर्कालाई “भाला फ्याँक्ने” परिणाम ल्याउँदछ ।
    - अपमान/होच्याउने/हिर्काउने/.........कूसमा चढाउने

- o तपाईले पछिल्लो भाला कहिले फ्याक्नु भएको थियो ?
- १८:१३
  - o जब “इन्कारको आत्मा” हामीमा आउँदछ :
    १. हामी त्यो व्यक्तिलाई तल गिराउँन खोज्दछौं, उनीहरुको प्रगतिबाट जोगिन खोज्छौं ।
    २. हामी अरुलाई टाढा धकेल्छौं : हाम्रा शरीरको इसाराद्वारा/बेवास्ताद्वारा/र शाररीक र मौखिक दुर्वव्यवहारद्वारा

3 शाऊलको इन्कारले दाऊदलाई सिंहासन(उनको नियति) बाट टाढा लग्यो र उनको जीवनमा परमेश्वरको वचनप्रति विश्वास गर्नेसंक्षमताको परिक्षा लियो ।

याकूब १:२–४ मेरा भाइ हो, तिमीहरुमाथि विभिन्न किसिमका आपत्–विपत् आइपर्दा तिनलाई पूरा आनन्दको कुरा सम्झ ।(३) किनकि तिमीहरु जान्दछौं, तिमीहरुका विश्वासको जाँचले धैर्य उत्पन्न गराउँछ । धेर्यलाई त्यसको पूरा काम गर्न देओ,ताकि तिमीहरुमा कुनै कुराको अभाव नभएर तिमीहरु परिपक्व र पूर्ण होओ ।

4 दाऊदले भाला फर्काउन इन्कार गरे–हामीले पनि इन्कार गर्नुपर्छ ।

- १ शमूएल २४:१० म मेरो हात मेरा मालिकको विरुद्धमा उठाउन सक्दिनँ, किनभने उहाँ त परमप्रभुका अभिषिक्त जन हुनुहुन्छ ।

- मत्ती ५:३९ तर म तिमीहरुलाई भन्दछु, दुष्टको मुकाबिला नगर । जसले तिम्रो दाहिने गाला चड्काउला, त्यसलाई अर्को गाला पनि थापिदेऊ ।
  - o चड्कनले भन्दा पनि चोट पुऱ्याउने शब्दले बढी चोट पुऱ्याउँदछ ।

- याकूब ४:११ भाइ हो, **एउटाले अर्काको विरुद्धमा खराब काम नगर** । जसले आफ्नो भाइको विरुद्धमा खराब बोल्छ, अथवा आफ्नो भाइलाई दोष लाउँछ,त्यो व्यवस्थाको विरुद्धमा बोल्छ, र त्यसले व्यवस्थाको दोष देखाउँछ ।
  - o यो कुरा प्राय हामी कति गर्छौं–अरुको विरुद्धमा बोल्ने ?

- १ पत्रुस २:२१–२४ किनकि यसैको निम्ति तिमीहरु बोलाइएका हौ । खीष्टले पनि तिमीहरुका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरुका लागि एउटा उदाहरण छोडिजानुभयो, र तिमीहरु उहाँकै पाइलामा हिँड्नुपर्छ ।(२२) “उहाँले कुनै पाप गर्नुभएन, र उहाँको मुखमा कुनै छलको कुरा पाइएन ।”(२३) तिनीहरुले उहाँलाई अपमान गर्दा उहाँले धम्की दिनुभएन । तर उचित न्याय गर्नुहुनेमाथि उहाँले भरोसा राख्नुभयो ।

- याकूब ३:६ जिब्रो पनि एउटा आगो नै हो । यो शरीरका अङ्गहरुमध्ये अधर्मको एउटा दुनियाँ हो । यसले सारा शरीरलाई दूषित पार्दछ र जीवनको सारा क्रममा नै आगो सल्काइदिन्छ र नरकको आगोमा त्यो जल्छ ।

- याकूब ३:८ तर जिब्रोलाई कुनै मानिसले तह लाउन सक्दैन । घातक विषले भरिएको यो चञ्चल दुष्ट हो ।

5 सबै भालाहरुको बाबजुत, दाऊदले कहिल्यै 'गरिब म' भन्ने भावना लिएनन् वा पछुताएनन् जसको परिणाम उनी भित्र 'इन्कारको आत्मा' आउनसक्थ्यो ।

- रोमी १२:१४ तिमीहरुको खेदो गर्नेलाई आशीर्वाद देओ, नसराप ।

- रोमी १२:१७ कसैलाई खराबको सट्टा खराब नगर ।

- लुका ६:२७–२९ "तर तिमी सुन्नेहरुलाई म भन्दछु, आफ्ना शत्रुलाई प्रेम गर, र घृणा गर्नेहरुलाई भलाइ गर, सराप्नेहरुलाई आशीर्वाद देओ, दुव्यवहार गर्नेहरुका निम्ति प्रार्थना गर । तिमीलाई एक गालामा चड्काउनेलाई अर्को पनि थापिदेओ, र तिम्रो खास्टो खोस्नेलाई तिम्रो दौरा पनि लान देओ ।

6 इन्कारले अरु इन्कार भएकाहरुलाई आकर्षित गर्दछ, जसलाई धक्का दिएर पालिएको छ । तसर्थ यसले 'हामी र उनीहरुमा' लडाइ पैदा गराउँछ/प्रतिस्पर्धा गर्ने मानसिक्ता ।

- १ शमूएल २२:१–२ दाऊद गातबाट भागेर अदुल्लामको ओड़ारमा गए । जब**तिनका दाजुहरु** र तिनका सबै परिवारले यो सुने तब तिनीहरु तिनीकहाँ आए । **कष्टमा** परेका, **ऋणमा** परेका र **असन्तुष्ट** भएका मानिसहरु प्रायः चार सय जना तिनीकहाँ जम्मा भए, र तिनी तिनीहरुका अगुवा भए ।
  - किन उनका दाजुहरु ? के उनीहरुले आफ्नो रबैया परिवर्तन गरे ?
  - कष्ट–एउटा कसिएको ठाउँ//असन्तुष्ट–रिस,आत्माको तितोपना ।
  - पछि उनको असन्तुष्टको सैनिक बढेर छसय पुग्यो । (२३:१३)

7 दाऊद बारम्बार इन्कारीय, खेदिए र आक्रमणमा परेतापनि उनले प्रतिकार वा इन्कारको बदला इन्कार गर्ने "इन्कारको भावना"लाई कहिल्यै आफूमा आउन दिएनन् ।

8 १ शमूएल २४:३–४ त्यहाँ बाटोको छेउमा केही भेडा–गोठहरु थिए, छेवैमा एउटा गुफा थियो । त्यसैको पल्लो कुनामा दाऊद र तिनका मानिसहरु लुकेर बसिरहेका थिए । शाऊल त्यस गुफामा आएर दिसा बस्नलाई भित्र पसे । दाऊदका मानिसहरुले तिनलाई भने,"दिन यहि हो जसको बारेमा परमप्रभुले प्रतिज्ञा गर्नुभयो कि उहाँले हजूरको शत्रुलाई हजूरको हातमा सुम्पिदिनुहुन्छ, र हजूरलाई जे इच्छा लाग्छ त्यो गर्न सक्नुहुन्छ ।"दाऊद बिस्तार गएर शाऊलको खास्टोको एक छेउ काटे ।

- दाऊदको प्रतिकारको पहिलो कार्य ।
  १ शमूएल २४:५ तर तिनले उनका खास्टोको छेउ काटेकोमा तिनको विवेकले तिनलाई सतायो ।
- के हाम्रो विवेक कसैलाई " " पछि यति संवेदनशील छ?
  - प्ररित २३:१ पावलले महासभातिर एकटक लाएर हेरे, र भने,"भाइ हो, आजको दिनसम्म परमेश्वरको दृष्टिमा मैले शुद्ध विवेकले जीवन बिताएको छु ।"

- प्रेरित २४:१६ यसैले परमेश्वरप्रति र मानिसहरुप्रति म सधैँ शुद्ध विवेक राख्ने प्रयत्न गर्दछु ।
- १ तिमोथी १:५ हाम्रो आज्ञाको लक्ष्य प्रेम हो,जो शुद्ध हृदय,असल विवेक र निष्कपट विश्वासबाट आउँछ ।
- १ तिमोथी १:१९ विश्वास र स्वच्छ विवेक कायम राख । कुनै कुनै मानिसले विवेकलाई इन्कार गरेर आफ्नो विश्वासको जहाज डुबाएका छन् ।
- १ तिमोथी ३:९ तर तिनीहरु विश्वासको रहस्य शुद्ध विवेकमा कायम राख्ने हुनुपर्छ ।
- तितस १:१५ शुद्धहरुलाई सबै थोक शुद्धै हुन्छन्, तर अशुद्धर अविश्वासीहरुलाई चाहिँ केही कुरा पनि शुद्ध हुँदैन, तर तिनीहरुका मन र विवेकसमेत भ्रष्ट भएका हुन्छन् ।

- हामी होशियार हुनुपर्छ र अरुले हामीलाई दिएको सल्लाहको जाँच गर्नुपर्छ (२४:२) । त्यो कहाँबाट आईरहेछ ? त्यसको उद्देश्य के हो ?
  - लुका १२:५७कुन कुरा ठीक हो भनेर तिमीहरु आफै किन निर्णय गर्दैनौ ? कुन कुरा सही हो भनेर हामी कसरी जाँच गर्नसक्छौं ?
  - यूहन्ना ५:३० म आफै केह ीगर्न सक्दिनँ । जस्तो म सुन्छु, त्यस्तै न्याय म गर्छु, र मेरो न्याय ठीक ठहर्छ, किनकि म आफ्नो इच्छा खोज्दिनँ, तर मलाई पठाउनुहुनेको इच्छा खोज्दछु ।
  - यूहन्ना ७:२४ मुख हेरेर होइन, तर ठीक किसिमले इन्साफ गर ।

**9** अरुलाई भाला फाल्नबाट बचाउन हामीलेसक्दो सबै गर्नुपर्छ ।

- १ शमूएल २६:९ तर दाऊदले तिनलाई भने,“राजालाई केही हानि नगर । परमप्रभुका अभिषिक्त जनमाथि हात उठाउने कोचाहिँ निर्दोष हुन्छ ?”
  - भजनसंग्रह १०५:१५ “मेरा अभिषेक भएकाहरुलाई नछोओ, र मेरा अगमवक्ताहरुलाई केही हानि नगर ।”
  - रोमी १२:१९ प्रिय हो, आफैले कहिल्यै बदला नलेओ, तर परमेश्वरको क्रोधमा छोडिदेओ । किनभने, लेखिएको छ,“बदला लिने काम मेरो हो, म नै बदला लिनेछु”
- दाऊदले उनका कुनै पनि मानिसलाई भाला फाल्ने अनुमति दिँदैनन् । उनीहरु उनका चेला थिए र साहस, धार्मिकता र इमान्दारीतामा तालिम पाएका थिए । उनीहरु ‘**बलियो मानिस**’ बने ।

❖ यो नेतृत्वकर्ता हो ।

❖ यसले परमेश्वरको राज्यमा परिपक्वता दर्शाउँछ ।

- ❖ यो राजाको मुटु हो ।जो अरु माथि सेवकको रुपमा राज गर्न तैयार छ, जसको हरेक इच्छा उनीहरुलाई हुर्कन ,सफल र समृद्धि हुनमा मद्दत गर्दछ ।

10. १ शमूएल २३:१,५,१२ दाऊदको **इन्कार उग्र** भए पश्चात उनले कीलाहहरुको गाँऊलाई पलिश्तीहरुको हातबाट मुक्त गरे, र त्यसपछि यो जाने कि उनलाई मद्दत गर्नुको सट्टा उनीहरुले **उनलाई इन्कार गर्ने छन्** र उनी र उनका मानिसहरुलाई शाऊलको हातमा सुम्पिदिनेछन् । फेरी दाऊद बारम्बार भागे, र **प्रतिकार गर्न इन्कार**गरे ।

    - के भाग्नु कमजोरीको चिन्ह हो ?
        - मत्ती १०:२३ जब तिनीहरुले तिमीहरुलाई एउटा सहरमा सताउँछन् तब अर्कोमा भाग । किनकि साँच्चै म तिमीहरुलाई भन्दछु, मानिसको पुत्र आउन अघि कुनै रीतिले इस्त्राएलका सबै सहरहरु डुलिसकेका हुनेछैनौ ।
        - १ कोरन्थी ६:१८
        - १ तिमोथी ६:११ तर परमेश्वरका जन तिमीले यी सबै **त्याग** र धार्मिकता, भक्ति, विश्वास, प्रेम, स्थिरता र नम्रताको लक्ष्य राख ।
        - २ तिमोथि २:२२ यसकारण जवानीका अभिलाषाहरु **त्याग**, र शुद्ध हृदयले प्रभुको नाउँ लिनेहरुका साथसाथै धार्मिकता, विश्वास, प्रेम र शान्तिको लक्ष्य राख ।

11. १ शमूएल २७–२८ दाऊद अन्तत दबाबका कारण इस्त्राएल छोड्छन्, उनको देश । उनी पलिश्तीमा गए र राजा आकीशले उनी र उनका छसय मानिसलाई बसोबास गर्न सिक्लग गाँउ दिए ।
12. १ शमूएल २९ पलिश्तीहरु इस्त्राएलसँग लडाइ गर्न जादै थिए, दाऊद र उनका मानिस पनि उनीहरुको साथमा थिए तर दाऊद इस्त्राएलको पक्षमा लड्नेछन् भनेर तिनीहरुले दाऊदलाई फिर्ता पठाए । जब उनीहरु सिक्लग फर्किआए, उनीहरुले सहरलाई आगोले भस्म पारेको र उनीहरुको परिवारलाई बन्दी बनाइएको थाहा पाए । र त्यसपछि, **सबैभन्दा ठूलो इन्कार**, सबै मानिसहरु जसलाई दाऊदले प्रेम गरेका थिए, तालिम दिएका थिए, उनीहरु र उनीहरुका परिवारको खाँचो पुऱ्याईदिएका, उनीहरु दाऊदलाई पनि इन्कार गर्न तैयार भए । (१ शमूएल.३०)

    - १ शमूउल ३०:६ आ–आफ्नो छोराछोरीहरु लगिएका हुनाले मानिसहरुले दुःख मानेर दाऊदलाई ढुङ्गाले हान्ने धम्की दिन लागे । दाऊद अन्योलमा परे । तब **दाऊदले परमप्रभु आफ्ना परमेश्वरबाट बल पाए** ।
    - जब अरुहरु तपाई विरुद्ध लाग्छन् //तपाईलाई इन्कार गर्छन् :
        - तपाई के मा भर पर्नुहुन्छ, शक्ति पाउन लागि ?
        - तपाई कस्मा भर पर्नुहुन्छ ?

13. **परमेश्वरमा शक्ति** पाउनाले दाऊद दबाबमा परेर ढल्नबाट बचे, यसले उनको जीवन बचायो र उनलाई अर्को विजय दिलायो । दाऊदले आफ्नो ध्यान परमेश्वरमा केन्द्रीत राखे नता आफूमा वा परिस्थितिमा, अघि बढ्नका लागि परमेश्वरलाई खोजेर ।**दाऊदले उद्देश्य, दर्शन र उनीहरुको जीवनको लागि बोलावटका निम्ति मानिसहरुलाई फिर्ता बोलाए ।**–उनीहरुले उनीहरुको परिवारलाई बचाए । १ शमूएल.३०:१६–२०

- ❖ यो नेतृत्वकर्ता हो ।
- ❖ यसले परमेश्वरको राज्यमा परिपक्वतालाई दर्शाउँछ ।
- ❖ यो राजाको मुटु हो ।जो अरु माथि सेवकको रुपमा राज गर्न तैयार छ, जसको हरेक इच्छा उनीहरुलाई हुर्कन ,सफल र समृद्धि हुनमा मद्दत गर्दछ ।

हामीले सही प्रकारले प्रतिकिया गर्न र नगर्न जान्नु पर्दछ :
इन्कार,अरुले आकमण गरेकाले र हाम्रो जीवनमा समस्या भएको कारणले ।
र जब हामी सही प्रकारले प्रतिक्रिया गर्छौं परमेश्वरले त्यसलाई बनाउनु हुन्छ :

1. हाम्रो भलाईको लागि काम गर्न र हामीलाई भविष्यमा हुने धेरै खतरनाक परिस्थितिबाट **बचाउन** । रोमी ८:२८
2. र हाम्रो सही प्रतिक्रियाले हाम्रो भविष्यको लागि तैयार गराउँछ ।

- सच्चा विश्वासीको नाताले :
  - **"हामी बचाईएका छौं**" (एफिसी.२:५,८) पापको **सजाय**बाट र अनन्त जीवन पाएका छौं । हाम्रो **केवल** सहभागीता विश्वास गर्नु हो ।
  - हामी अब **"बचाइएका छौं"**(१ कोरन्थी.१:१८) पापाको शक्तिबाट र तसर्थ शैतानका आक्रमणबाट । हाम्रो दायित्व परमेश्वर र उहाँको वचनमा आज्ञाकारी हुनु हो, जो चाहिँ सहि प्रतिक्रिया गर्नु हो ।

    फिलिप्पी २:१२–१३ यसकारण प्रिय हो, जसरी तिमीहरुले सधैं **आज्ञापालन** गरेका छौं,........डर र कम्पसाथ तिमीहरुको **आफ्नो मुक्तिको काम पूरा गर्न परिश्रम गर** । (१३) किनकि तिमीहरुलाई उहाँको असल अभिप्राय अनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरुमा काम गर्नुहुन्छ ।

दाऊदको जीवन हाम्रो लागि उदाहरण हो जसले हामीलाई हाम्रो जीवन अघि बढाउनको लागि प्रेरणा दिन्छ (१) परमेश्वरमा शक्ति पाउन र (२) **निगाह** पाउन र परमेश्वरमा **घनिष्ठ** हुन ।

14. परमेश्वरले दिनुभएको नियतिमा पुग्नलाई हामीहरुको सहभागीताको खाँचो पर्दछ ।
    येशु आफैले : अनि येशु **बुद्धिमा, कदमा** र परमेश्वर र मानिसहरुको **अनुग्रहमा** बढ्दैजानुभयो ।(लुका २:५२)

हामी कसरी बुद्धिमा,कदमा र अनुग्रहमा बढ्दै जाने ?

- जसरी मोशाले प्रार्थना गरेका थिए : “मलाई तपाईको मार्ग देखाउनुहोस्” (प्रस्थान ३३:१३)

यहुन्ना ५:१९ “.....पुत्र आफैले केही गर्न सक्दैन,तर पिताले जे गर्नुभएको **देख्छ** त्यही मात्र गर्छ......”

यहुन्ना ८:३८जे–जे **मैले** मेरा पिताको उपस्थितिमा **देखेको छु,** त्यही म भन्दछु ।

- उनले आफ्नो सेवकाई पूरा गरे, आफ्नो दैवीयपनबाट **होइन**, तर **एक मानिस जस्तै भएर जसले पिताको आज्ञा मान्दछन्** । उनी हाम्रो लागि उदाहरण हुन् ।
- “मानिसबाट इन्कार गरिएको” र अधिक पिडा भोग्नुभएको, मृत्यु सम्मै (फिलिपि २:८) र पनि उहाँको पिताप्रति आज्ञाकारी हुनुभएको । १ पत्रुस २:४,२१–२३
- उहाँ पनि : “हामी जस्तै सबै कुरामा परिक्षामा पर्नुभयो, र पनि पाप रहित हुनुभयो ।” (हिब्रु ४:१५)। अझै पनि आफ्नो पिता प्रति आज्ञाकारी हुनुहुन्थ्यो ।
- यसरी नै परमेश्वरको निगाहमा येशु बढ्दै जानुभयो र हामी कत्ति परमेश्वरको निगाहमा बढ्दै जानेछौं हाम्रो नियति पूरा गर्नलाई जसरी येशुले आफ्नो पूरा गर्नुभयो ।
- विपरित : फरिसीहरु र व्यवस्थाका पण्डितहरुले परमेश्वरको अभिप्रायलाई आफ्नो निम्ति अस्वीकार गरे । (लुका ७:३०) विश्वास नगरेर र आज्ञाकारी नभएर ।
- हामी “बुद्धिमा, कदमा, र परमेश्वर र मानिसको निगाहमा” पनि बढिरहनु **पर्दछ** । अरुले देख्न थाल्नेछन् कि तपाई अरुभन्दा भिन्न हुनुहुन्छ । तपाईलाई आदर गर्न थाल्ने छन् र तपाईलाई पछ्याउँन थाल्नेछन् ।
- परमेश्वरले हामी सबैलाई सय प्रतिशत प्रेम गर्नुहुन्छ तर निगाह भिन्नै छ । निगाह शब्द करिस हो जो दिब्य अनुग्रह वा संक्षमता हो जुन उहाँले दिनुहुन्छ जब उहाँले तपाई साँच्चै नै नयाँ जीवन जीउन चाहनुभएको देख्नुहुन्छ ।

१ कोरन्थी १५:१० तर म जो छु, त्यो परमेश्वरको **अनुग्रहले** छु, र ममाथि भएको उहाँको अनुग्रह **व्यर्थ** भएन । बरु मैले त तिनीहरु सबैले भन्दा बढ़ी **परिश्रम** गरें । तैपनि मैले होइनँ, मसँग भएको परमेश्वरको **अनुग्रहले** हो ।

२ तिमोथी २:२०–२१ठूलो घरमा सुन र चाँदीका भाँड़ाहरु मात्र हुँदैनन्, तर काठ र माटो पनि हुन्छन्, कुनै आदर र कुनै अनादरको निम्ति । **जे कुरो अनादरको छ, यदि कसैले त्यसबाट आफूलाई शुद्ध पार्‍यो भने त्यो आदरका कामको लागि एउटा पात्र बन्नेछ, र घरका मालिकको निम्ति चोखो, उपयोगी, र कुनै पनि असल कामको निम्ति तयार रहनेछ ।**

र जब हामीले आफैंलाई सफा पार्छौं, हामी निगाहमा बढ्छौं–वा, उहाँको असल काम पूरा गर्नको निम्ति अझ बढी अनुग्रह दिइन्छ ।

२ कोरन्थी १२:९ तर मलाई उहाँले भन्नुभयो,"मेरो **अनुग्रह** तेरो निम्ति पर्याप्त छ, किनभने मेरो **शक्ति** दुर्बलतामा नै सिद्ध हुन्छ।"यसकारण ख्रीष्टको शक्ति ममा वास गरोस् भनेर म बरु मेरो दुर्बलतामा बढ़ी खुशीसाथ गर्व गर्नेछु।

तसर्थ हाम्रो नियति पूरा गर्नलाई–परमेश्वरले हामीलाई दिनुभएको संभाव्यमा पुग्नलाई हाम्रो सहभागीताको आवश्यक पर्दछ–परमेश्वरमा र उहाँको वचनमा शक्ति पाएर हामी कसरी हाम्रो जीवन जीउने।

आज्ञापालन, परिक्षा, इन्कार, र पिडाबाट हामीमा सहि प्रतिक्रिया हुनुपर्दछ ताकि हामी बुद्धि, कद र परमेश्वर र मानिसको निगाहमा पनि बढ्दै जानुपर्छ जसै हामीलाई पनि महान् बोलावट र नियति छ।

15. हाम्रो नियति चाहिँ–"पृथ्वीमा राज्य गर्नु" हो।

   २ तिमोथी २:१२ हामी पनि उहाँसँगै राज्य गर्नेछौं।

   प्रकाश २०:६ तिनीहरु परमेश्वर र ख्रीष्टका पूजाहारी भएर उहाँसँग एक हजार वर्षसम्म राज्य गर्नेछन्।

   प्रकाश ५:९–१० तिनीहरुले यसो भन्दै एउटा नयाँ गीत गाए : "तपाई यो चर्मपत्रको मुट्ठो लिने र त्यसका मोहोरहरु तोड्ने योग्यका हुनुहुन्छ, तपाई मारिनुभयो र आफ्नो रगतद्वारा तपाईले परमेश्वरको निम्ति हरेक कुल,भाषा, मानिस र जातिबाट मानिसहरुलाई छुटकारा दिनुभयो, र तिनीहरुलाई **राज्य** र हाम्रा परमेश्वरका **पूजाहारी** बनाउनुभएको छ, र तिनीहरुले पृथ्वीमा **राज्य** गर्नेछन्।"

   *बसिलिया (एक वचन): राजस्व; निष्कर्ष : राज्य गर्नु; ठोस : एक क्षेत्र (शाब्दिक वा आलंकारिक)।

   तुलना : प्रकाश १:६; प्रस्थान १९:६

- यसको अर्थ हामीमा प्रभावको क्षेत्र हुँदछ–हाम्रो जीवन शैलीद्वारा **कमाईएको**–र परमेश्वरको अनुग्रहद्वारा प्राप्त भएको।
- बुद्धि, कद र निगाहमा बढ्दै जानाले, तपाईलाई **प्रभावको क्षेत्र** दिँदछ र तपाईलाई आफ्नो क्षेत्रमा **नेतृत्वकर्ताको** रुपमा स्थान दिँलाउदछ।
- हाम्रो "**राज्य**" "अरुमाथि राज्य गर्नु" होइन। परमेश्वरको राज्यमा त्यो चाहिँ **अरुको सेवा** गर्नलाई अनुग्रह, शक्ति हो।

  यहून्ना १३:१४ यदि तिमीहरुका प्रभु र गुरु भईकन मैले तिमीहरुका गोडा धोएको छु भने तिमीहरुले पनि एक अर्काका गोडा धुनुपर्छ।
- राजाको नेतृत्वले आफ्ना प्रजालाई **सुरक्षा, शिक्षा,** र **समृद्धि** उपलब्ध गराउँदछ। तपाईको पहिलो क्षेत्र यदि प्रभाव **तपाईको परिवार** हो भने। कसरी इमान्दारीको जीवन जीउने, एक सेवक–अगुवा भएर सुरक्षा, शिक्षा र समृद्धि उपलब्ध दिलाउँने, भन्नेबारे उदाहरण।

- यसको लागि हामीले यी कुराहरु दिँलाउन संक्षम हुनुपर्दछ, र परमेश्वरले हामीलाई दिनुभएको अनुग्रहबाट आएको कुरालाई दिँलाउने संक्षमता हुनुपर्दछ ।

  भजनसंग्रह २७:४ एउटै कुरा म परमप्रभुसँग माग्दछु, मैले खोजेको यही हो, कि जीवनभरि म परमप्रभुको भवनमा रहन पाऊँ, र उहाँको सुन्दरतालाई हेरिरहन पाऊँ, र उहाँको मन्दिरमा उहाँलाई **खोज्न** सकूँ ।

  हितोपदेश २:६–७किनभने परमप्रभुले बुद्धि दिनुहुन्छ, र उहाँको मुखबाट ज्ञान र समझशक्तिका कुराहरु निस्कन्छन् । उहाँले ईमानदारको लागि आफ्नो भण्डारमा विजय साँचेर राख्नुभएको छ, जसको चाल निर्दोष छ तिनीहरुका लागि उहाँ ढाल हुनुहुन्छ ।

**हामीले हामी को हौं भनी महशुस गर्नुपर्छ, हाम्रो महान् बोलावट, हाम्रो स्थान, हाम्रो सेवकाई पूरा गर्न, र हाम्रो नियतिलाई हासिल गर्न तर्फ अघि बढ्नुपर्छ ।**

र, यसको फलस्वरुप स्थान जो हामीलाई दिईएको छ, येशु : उहाँसँग हामीलाई उठाउनुभयो, अनि स्वर्गीय स्थानहरुमा ख्रीष्ट येशुसँग बसाल्नुभयो ।

प्रश्न यो हो कि :

1. कत्ति सम्म हामीलाई दिइएको सम्भावीयमा हामी जीईरहेका र हिंडिरहेका छौं ?
2. के हामीले उहाँको राज्यको कानून पालन गरिरहेका छौं ? जुन कानून हामीले मान्दैनौं त्यसलाई हामीले लागू गर्न सक्दैंनौ ।
3. जब हामीले परमेश्वरको राज्यको कानून पालन गर्दैनौं हामीले पाप गर्छौ, जसले हामीलाई अन्धकारको राज्यमा पुर्‍याउँदछ र हामी शैतानको अधिनमा बस्नुपर्ने हुँदछ ।

परमेश्वरको इच्छा /**तपाईमा** बुद्धि, कद र परमेश्वर र मानिसको निगाह वृद्धि भएको चाहन्छ, तपाईको आफ्नै स्वतन्त्रतामा उहाँ जस्तै सोच्न र काम गर्न ।

VIII. राज्यमा जीउन र हामीहरुको दायित्व निभाउन / हाम्रो नियतिमा पुग्न, आवश्यक :

- हितोपदेश ४:२३ सबै कुराभन्दा बढी, **आफ्नो हृदयलाई** सुरक्षित राख्, किनभने त्यो सारा जीवनको मूल हो ।
- हितोपदेश ४:२३
- १ शमूएल १६:७तर परमप्रभुले शामूएललाई भन्नुभयो,“त्यो सुन्दर र अल्गो भए तापनि त्यसको ख्याल नगर् । मैले त्यसलाई इन्कार गरेको छु । परमप्रभुले मानिसले झैं हेर्नुहुन्न । मानिसले रुप हेरेर विचार गर्छ, तर परमप्रभुले **हृदयभित्र** हेरेर विचार गर्नुहुन्छ ।”

1. आफ्नो हृदयलाई सुरक्षित राख्नुहोस् /आफ्नो सम्पुर्ण एकाग्रताले त्यसलाई हेर (हितोपदेश ४:२३)। तपाई त्यसको सुरक्षा गर्न हुन्छ जो बहुमुल्य र महत्वपूर्ण छ ।
   हृदय महत्वपूर्ण छ किनभने यो स्रोत /सुरुवात / उत्पत्ति हो जसबाट हामीले हेर्ने, सोच्ने र जीवन जीउने प्रक्रिया अघि बढ्दँछ ।
2. जब हामी 'फेरि जन्मन्छौं' हामीले '**नयाँ हृदय**' पाउँदछौं (इजकिएल ३६:२६), जो जीवित, पूर्ण र ग्रहणशील छ, र जसले पवित्र आत्मा प्राप्त गर्दछ ।
3. **'नयाँ हृदय'**केंद्रिय संयोजक हो जहाँ हाम्रो चेतनाको निवेश (हाम्रो दिमागको ज्ञान, सोचाई, महशुस भावनाहरु) आत्मिकत्तासंग मिल्दछ जो हामीले पवित्र आत्माबाट पाउँदछौं र सिक्दछौं ।
4. यो 'चेतना' र 'आत्मिकत्ताको' मिलाईबाटको परिणाम हामीले "हाम्रो जीवनको जीवनको मूल" पाउँदछौं (हितोपदेश ४:२३) र यसमा निर्भर हुन्छ कि कुन बलियो, अधिक प्रभाव, र कुनमा चाहिँ हाम्रो अधिक चाहना छ । हामी निर्णय लिदछौं ।

- यहोशू २३:११ यसकारण परमप्रभु तिमीहरुका परमेश्वरलाई प्रेम गर्न पूरा होशियार गर ।
- येहोशू २४:१५ तिमीहरुले सको सेव ागर्ने आजै तिमीहरुले रोज......देवताहरु.....अहिले बसेको देशका....तर म र मेरो घरनाले परमप्रभुकै सेवा गर्नेछौं ।
- व्यवस्था ६:५ तिमीहरुले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर ।
- मत्ती २२:३७तैले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू ।

5 तसर्थ, आफ्नो हृदयलाई सुरक्षित राख्नुहोस् ।

केही हदसम्म म आफ्नो हृदयलाई सुरक्षित राख्न वा हेरविचार गर्न सफल भएको छु भने मैले यस्तो अनुभव पाउनेछु :

- ❖ राज्य भत्कन्छ र मेरो जीवनमा भित्री र बाहिरी विजय मेरो प्रभावको क्षेत्रमा हुँदछ ।
- ❖ बुद्धि, कद, परमेश्वरको र मानिसको निगाहमा र अनुग्रहमा बढ्दै, जसले मेरो प्रभावको क्षेत्रलाई, मेरो राजयलाई फराकिलो बनाउँदै लान्छ ।

- **पवित्र आत्मालाई ननिभाऊ** (१ थेसलोनिकी ५:१९) नसुनेर, नदेखेर । पवित्र आत्माले सबै इच्छाहरुभन्दा हाम्रो "हृदयलाई सुरक्षित" राखेको चाहनुहुन्छ किनकि यो उहाँको घर हो । जब केही विकृत हुन्छ, उहाँले हामीलाई हाम्रो गाडीमा भएको चेतावनीको बत्ती झैं चेतावनी दिनुहुन्छ । चेतावनीको प्रकाशलाई उपेक्षा गर्नु चाहिँ पवित्र आत्मालाई निभाउनु हो ।

- **पवित्र आत्मालाई दु:खित नतुल्याओ** (एफिसी ४:३०)। चेतावनीको प्रकाशलाई नमान्नाले यान्त्रिक भंग गराउँदछ –हाम्रो हृदयलाई क्षति पुऱ्याउँदछ ।
  - पापद्वारा अन्धकारको राज्यमा प्रवेश गर्नु चाहिँ पवित्र आत्मालाई दु:खित तुल्याउँनु हो । किनकि उहाँ क्षति आउन लागेको जान्नुहुन्छ ।
  - मिश्रीत तेल वा खराब भएको तेल हाल्नाले हाम्रो गाडिलाई क्षति हुँदछ र त्यसले राम्रोसंग काम गर्न सक्दैन । र यस्तै हाम्रो दिमाग र शरीरसंग पनि हुँदछ । कुनै पनि नराम्रो कुराले आफ्नो हृदयलाई दुषित नपार्नु ।

- भजनसंग्रह १०१:३ मेरो आँखाको सामुन्ने कुनै नीच कुरा म राख्नेछैनँ ।
- २ कोरन्थी ६:१७ .....अशुद्ध कुरा केही नछोओ ।
- २ कोरन्थी ७:१ ......शरीर र आत्माको हरेक किसिमको अशुद्धताबाट हामी आफैलाई शुद्ध पारौं, र परमेश्वरको भयमा पवित्रतालाई सिद्धतातर्फ बढ़ाउँदैजाऔं ।
- २ कोरन्थी १०:५ ......हरेक विचारलाई खीष्टको आज्ञापालन गर्नलाई वशमा पार्छौं ।

6 तपाईको दिमागलाई फेरि नयाँ बनाउनुहोस् ।

- रोमी १२:१–२ यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरुलाई अनुरोध गर्दछु, कि तिमीहरुको आत्मिक उपासनाको रुपमा आ–**आफ्नो शरीरलाई** पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो **बलिको रुपमा अर्पण गर** । यस संसारको ढाँचामा नचल, तर **आफ्नो मनमा नयाँ भई** पूर्ण रुपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरुले जाँच्न सक ।

हाम्रो दिमागलाई फेरि नयाँ पार्नु महत्वपूर्ण छ ताकि हाम्रो दिमागले हाम्रो हृदयसंग स्वीकार्न र सहमत हुन सकोस् । तसर्थ धेरै भन्दा धेरै हाम्रो दिमाग र हृदय बीचको असहमति र अमेलता हटोस् । जसको परिणाम स्वरुप शान्ति र उन्नतिको जीवन पवित्र आत्माद्वारा अघि बढ्दछ ।

- २ कोरन्थी १०:५ परमेश्वरका ज्ञानको विरुद्धमा खड़ा हुने बहसहरु र हरेक अहङ्कारपूर्ण बाधालाई हामीले नाश गर्छौं, र हरेक विचारलाई खीष्टको आज्ञापालन गर्नलाई वशमा पार्छौं ।
- हितोपदेश २३:७

IX. वास्तविकतालाई वास्तविक बनाउने–अध्ययन वा रोमी ६

माथिको शिर्सक भएको नोटलाई यो वेबसाइटमा हेर्न सक्नुहुन्छ www.treasurehisword.com\

कक्षा अघि बढ्दै जाँदा निरन्तरता दिइनेछ

परमेश्वरले तपाईलाई आशिष् दिऊन

सतर्क रहो, विश्वासमा दृढ़ भइरहो । साहसिलो र सामर्थी बन । जे गर्छौ ती सबै प्रेममा गरिएका होऊन् । १ कोरन्थी १६:१३–१४